# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, चैत १४ गते २०३९ साल (अतिरिक्ताङ्क ५१ (ख)


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रऋण उठाउन ऋणपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरेको छ ।

यो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, ब्याजको दर, ब्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नामः यस ऋणको नाम "विकास ऋण २०५१ क" रहेको छ ।

२. ऋणको उद्देश्यः विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकमः यो ऋणको जम्मा रकम रू. ३३,००,००,०००।– (रू. तेत्तीस करोड) मात्रको हुनेछ ।

४. ऋणको व्ययभारः यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोषप्रति हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. ऋणको प्रकारः यो ऋणको ऋणपत्र कम्तिमा रू. २५।–वा २५।– को गुणनफल (Multiple) ले भाग गर्दा निःशेष हुने अङ्कको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ ।

६. ऋणपत्रको बिक्री अवधिः यो ऋणपत्रको बिक्री अवधि २०३६ साल चैत्र १४ गतेदेखि चैत्र २८ गतेसम्म हुनेछ तर आवश्यक देखिएमा सो समय अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्यः ऋणपत्रमा उल्लेख गरे बमोजिम पूरापूर मूल्यमा ऋणपत्रहरू बिक्री हुनेछ ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनु पर्नेः

(१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचामा राष्ट्र बैङ्क वा त्यसको एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकारः प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुनेः स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा ब्याज दिइनेछैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिनेः स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

१३. ऋणको ब्याजः ऋणको ब्याज राष्ट्र बैंक वा सो बैंकको एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मितिदेखि नै वार्षिक सयकडा १०½ का दरले दिइनेछ ।

620

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. ऋणको साँवा भुक्तानी: यो ऋणको साँवा भुक्तानी २०५१ साल चैत्र २८ गते पछि दिइनेछ ।

१५. ऋणको भुक्तानी दिने ठाउँ: यो ऋणको साँवा र ब्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैङ्क वा त्यसको एजेन्ट मार्फत भुक्तानी दिइनेछ ।

१६. ऋणसम्बन्धी व्यवस्था: यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाई नेपाल राष्ट्र बैंक राष्ट्रऋण विभागले गर्नेछ ।

१७. ऋणपत्र खरीद गर्ने अधिकार: यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्ति वा संस्थालाई पनि हुनेछ ।

१८. कर नलाग्ने: यो ऋणबाट प्राप्त ब्याजमा आयकर छूट दिइएको छ ।

१९. ऋणसम्बन्धी कानूनी कारवाई: यो ऋणसम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

६२१

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रति मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६२२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।